स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री प्रियंका कार्कीले अहिले कुनै फिल्ममा काम गरेकी छैनन् । बरु यो बीचमा उनी केही टेलिभिजन रियालिटी शोको जज (निर्णायक) बनिन् । अब भने उनी फिल्मको तयारीमा जुटेकी छन् । धुम्बाराहीमा सञ्चालनमा आएको मनोरञ्जन पार्क अर्को वर्ष दुईवटा फिल्ममा काम गर्ने प्रियंकाले बताइन् । त्यसमध्ये एउटा फिल्म उनी आफैँले निर्माण गर्नेछिन् । त्यसमध्ये एउटा आफ्नै होम प्रोडक्सनको हुन्छ । फिल्म एक्सन-थ्रीलर कथामा बन्नेछ । त्यसैका लागि अहिले तयारी भैरहेको छ ।

**आजको विचार...**



धरापमा... (दुई पेजमा)

इन्द्रबहादुर बराल



अभिनेत्री श्वेता खड्का सोमबार जन्मदिन मनाएकीछिन् । 'कहाँ भेटिएला' डेब्यु अभिनेत्रीलाई प्रशंसकले जन्मदिनको शुभकामना दिएका थिए । श्वेताले फिल्म निर्माणको योजना रहेको बताइन् । उनले चर्चित कोरियोग्राफर रेनशा बान्तवा राईसँग मिलेर फुटवेयर ब्राण्डको व्यवसाय थालेको बताइन् । 'हाम्रो कलेक्सनलाई उपभोक्ताले रुचाइदिनुभएको छ । अहिले बाहिरको कलेक्सन राखेका छौं । चाँडै मेड इन नेपाल ब्राण्डका उत्पादन राख्ने हाम्रो तयारी छ,' उनले भनिन् । यसबाहेक श्वेतासँग अन्य व्यवसाय पनि छन् ।

❒ वर्ष २९ ❒ अंक १९० ❒ २०८० माघ २४ गते बुधबार 7 February 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### पटाका कारखाना विस्फोटमा आठको मृत्यु

(रासस/एएफपी)

**नयाँदिल्ली,** माघ २३/भारतमा मंगलबार एक पटाका कारखानामा भएको भीषण विस्फोटमा कम्तीमा आठ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । विस्फोटमा परी अन्य ८० जना घाइते भएका छन् । भारतीय टेलिभिजनको फुटेजमा पटाका कारखानामा विस्फोटपछि आगोको ज्वाला उठेको देखिएको छ र घाइतेलाई निकाल्नका लागि दर्जनौँ एम्बुलेन्स पठाइएको छ भने सेनाको हेलिकप्टरलाई समेत बोलाइएको छ । वरिष्ठ जिल्ला प्रहरी अधिकारी राजेश्वरी महोबियाले मध्य प्रदेश राज्यको हरदामा कारखानामा भएको विस्फोटमा अहिलेसम्म आठ जनाको मृत्यु र करिब ८० जना घाइते भएको जानकारी दिए । उनले मृतकको संख्या बढ्नसक्ने बताए । कारखाना स्थलका तस्बिरहरूले कालो धुवाँसहितको भग्नावशेष देखाएका छन् । मध्य प्रदेशका मुख्यमन्त्री मोहन यादवले विस्फोटको खबर 'अत्यन्त दु:खद' भएको र नजिकैका अस्पतालहरूका बर्न युनिटका चिकित्सकहरूलाई 'आवश्यक तयारी' गर्न बोलाइएको बताए ।

# बागलुङका आठ ठूला सडक स्तरोन्नति हुँदै

रासस

**ढोरपाटन (बागलुङ),** माघ २३/यस वर्ष बागलुङमा आठ वटा ठूला सडक आयोजना स्तरोन्नति हुन थालेका छन् । संघीय सरकार अन्तर्गतका आयोजना सडक डिभिजन कार्यालय बागलुङमार्फत स्तरोन्नति हुन थालेका हुन् ।

'एक निर्वाचन क्षेत्र, एक रणनीतिक सडक' अन्तर्गतका दुई वटासहित अन्य ठूला छ सडक स्तरोन्नति गर्न थालिएको सडक डिभिजन कार्यालय बागलुङका सूचना अधिकारी इञ्जिनियर अमर अधिकारीले जानकारी दिए । उनका अनुसार 'एक निर्वाचन क्षेत्र, एक रणनीतिक सडक' अन्तर्गत क्षेत्र नं १ को बागलुङ-सिगाना-बरेङ-शान्तिपुर र क्षेत्र नं २ अन्तर्गत मल्म-पाण्डवखानी-रणसिंहकिटेनी हुँदै प्यूठान जोड्ने सडक स्तरोन्नति गर्न लागिएको हो । जिल्लामा ठूला सडक मानिने बागलु-बेनी सडक, पाखुट्टे-झिम्पा-निसी सडक, सहिद मार्ग, डोठे ताल हुँदै भकुण्डे रायडाँडा हुँदै जैमिनी जोड्ने सडक, बडिगाड-रणसिंहकिटेनी सडक, दमेक-दूर्लेबेसी सडक स्तरोन्नतिका लागि



फाइल फोटो

करिब रु सात करोड विनियोजन भएको इञ्जिनियर अधिकारीले जानकारी दिए । अधिकांश ठेक्का सम्झौता भएर काम सुरु हुन लागेको उनको भनाइ छ । सडक फराकिलो बनाउने, नाली निर्माण र कतै ढलान गरिने उनले बताए ।

'एक निर्वाचन क्षेत्र, एक रणनीतिक सडक' अन्तर्गत क्षेत्र नं १ को बागलुङ-सिगाना-बरेङ-शान्तिपुरका लागि रु एक करोड, क्षेत्र नं २ अन्तर्गत मल्म-पाण्डवखानी-रणसिंहकिटेनीका लागि रु एक करोड, पाखुट्टे-झिम्पा-निसी सडकका लागि रु ५० लाख, डोठे ताल हुँदै भकुण्डे रायडाँडा हुँदै जैमिनी जोड्ने सडकका लागि रु एक करोड, बडिगाड-रणसिंहकिटेनी सडकका लागि रु ५० लाख सहिदमार्ग स्तरोन्नति रु एक करोड, दमेक-दूर्लेबेसी सडकका लागि रु एक करोड, बागलुङ-बेनी सडक मर्मतका लागि रु एक करोड ३३ लाख विनियोजन भएर कार्यान्वयनमा गएको उनको भनाइ छ ।

इञ्जिनियर अधिकारीले भने, "अघिल्लो वर्ष विभिन्न सडकमा निर्माण कम्पनीले काम गरेका थिए, करिब रु चार करोड भुक्तानी गर्न बाँकी छ, यस वर्ष पनि यहाँका केही सडकमा काम हुँदैछन्, योजना परेका अधिकांश ठेक्का सम्झौता भएर काम सुरु हुँदैछन् भने केही ठेक्का प्रक्रियामा गएका छन्, यस वर्ष केही सडक मर्मत पनि हुँदैछन्, बजेट निकै कम आउँदा योजना कार्यान्वयनमा निकै समस्या हुने गरेको छ, करोडौँका योजना छन्, निकै कम बजेट विनियोजन हुन्छ ।" पालिका केन्द्र गलकोटदेखि पाण्डवखानी रमुवा ३५ किलोमिटर टाढा छ । अहिलेसम्म सडक स्तरोन्नति नहुँदा प्रशासनिक कामका लागि पालिका केन्द्र आउन पाँच घन्टा र जिल्ला सदरमुकाम पुग्न आठ घण्टा लाग्ने स्थानीयवासीको भनाइ छ ।

"यो गाउँ पालिकाको केन्द्रदेखि धेरै टाढा छ, सडक राम्रो हुन्थ्यो भने यात्रा गर्न सहज हुन्थ्यो, यतिका वर्षसम्म पनि सडकको हालत खराब छ, नगरपालिकामा सामान्य काम गर्न आउँदा पनि दिनभरि यात्रा गर्नुपर्ने स्थिति छ, जिल्ला सदरमुकाम पुगेर फर्कन त झनै कठिन छ", स्थानीय मनिक घर्तीमगरले भने, "एक निर्वाचन क्षेत्र, एक रणनीतिक सडक भनेर योजना परे पनि प्रभावकारीरुपमा काम हुन सकेको छैन, सडक निकै अप्ठ्यारो हुँदा गाउँमा कोही बिरामी परे तत्काल अस्पताल पुर्‍याउन बढी समस्या हुने गरेको छ, एम्बुलेन्स आए पनि सडकको खाल्डाखुल्डीका कारण समयमै पुग्न पनि समस्या हुन्छ ।"

## विद्यार्थी चढ्ने सवारी साधन सञ्चालन गर्दा ध्यान दिऔं

- सवारी साधनमा सिटभन्दा बढी विद्यार्थी नराखौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- तोकिएको समयमा तोकिएको स्थानमा सवारी साधन पुऱ्याऔं,
- सवारी साधन चलाउनु अगाडि चेक जाँच गरौं,
- तोकिएको स्थानमा मात्र बिद्यार्थी चढाउने र ओराल्ने गरौं,
- सवारी साधन पूर्णरुपमा रोकिसके पछि मात्र विद्यार्थीहरुलाई चढाऔं र ओरालौं,
- विद्यार्थीहरु सिटमा बसिसके पछिमात्र सवारी साधन गुडाऔं,
- विद्यार्थीहरुले शरिरका अंगहरु सवारी साधन बाहिर निकालेका छन् कि ? ध्यान दिऔं,
- सवारी साधनमा सहचालक अनिवार्य राखौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# नेकपा एमाले पाल्पाको प्रशिक्षक प्रशिक्षण कार्यक्रम सुरु

कृष्ण पोखरेल

**पाल्पा,** माघ २३/नेकपा एमाले पाल्पाको आयोजनामा मंगलबारदेखि तासेनमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम सुरु भएको छ । तालिमको उद्घाटन गर्दै प्रमुख अतिथि एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले समयअनुसार अपडेट नहुने नेताले राजनीति गर्न नसक्ने बताए ।

पुरानो सोंचका आधारमा नेता बन्न सक्ने अवस्था छैन, समयअनुसार परिवर्तन हुनेगरी आफ्नो क्षमताको विकास गर्नुपर्ने उपमहासचिव ज्ञवालीले बताए । मुलुक परिवर्तन गर्ने एक मात्र पार्टी एमाले भएकोले पार्टीसँगै नेता पनि आधुनिक जमाना अनुसारको हुनुपर्ने, सामाजिक सञ्जाल, अनलाइनको विषयमा जानकार भई अध्ययनशील हुनुपर्ने उपमहासचिव ज्ञवालीले जोड दिए । पछिल्लो समय आधुनिक प्रविधिले फड्को मार्दै गएको छ, यीनै प्रविधिसँग खेल्नसक्ने युवा



राजनीतिमा आउन थालेका छन्, अझै पनि अधिकांश नेता पुरानै शैलीमा रहेकोले समय सापेक्ष बन्न नसके अब जनताले विश्वास नगर्ने उपमहासचिव ज्ञवालीले बताए । फरक पार्टी, भिन्न भिन्न धारबाट एमाले पार्टीमा आएकाहरू नेता तथा कार्यकर्तामा एक रुपता ल्याउन समेत प्रशिक्षण कार्यक्रम प्रभावकारी हुने उपमहासचिव ज्ञवालीले जनाए ।

तीन दिनसम्म सञ्चालन हुने प्रशिक्षक प्रशिक्षण कार्यक्रममा जिल्लाका करिब सय बढी नेताको सहभागिता रहेको एमाले पाल्पाका सचिव रामजी पोखरेलले बताए । कार्यक्रममा एमालेका महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली, सचिव पद्मा अर्याल, केन्द्रीय पार्टी स्कुल विभाग सदस्य वाइपी आचार्यले सहजीकरण गर्ने एमाले पाल्पाका अध्यक्ष धनेन्द्रराज घिमिरेले बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## अलपत्र करिडोर : सरकार मौन

कालीगण्डकी करिकोड नेपाल सरकारको राष्ट्रिय गौरवको आयोजना अन्तर्गत उत्तर–दक्षिण भारतदेखि चीनको कोरला जोड्ने कालीगण्डकी करिडोरको निर्माण तथा स्तरवृद्धिका कामहरु अहिले सुस्त गतिमा छन् । मौसम प्रतिकुल समयमा धेरै काम हुनुपर्नेमा त्यसो भएको छैन । कालीगण्डकी करिडोर निर्माणमा संलग्न निर्माण कम्पनीहरुले सरकारले भूक्तानी समयमा नदिएका कारण काम गर्न गाह्रो भएको आरोप लगाएका छन् । तर सरकार भने मौनता साधेर बसेको छ । गुल्मी र पाल्पा खण्डको काम हिउँद् लाग्नासाथ तिव्र गतिमा हुन्छ भन्ने आभास शुरुमा भएको थियो । तर अहिले कछुवा गतिले गर्दा निर्माणको काम ढीला हुने निश्चित प्राय:छ । गैडाकोट पिपलडाँडा सडकको निर्माण कार्य अन्तिम चरणमा पुगेर पनि स्तरवृद्धि र केही स्थानमा पुलनिर्माण नभएका कारण पनि समस्याहरु ज्यूँका त्यूँ छन् । २०७५ सालमा ठेक्का सम्झौता भएको यो खण्डको १ सय ३२ किलोमिटर सडकको ट्र्याक कालोपत्रे गर्ने काममा समेत ढीला र गुणस्तरहीन कामका विषयमा सरकार मौन छ । यो क्षेत्रमा कालोपत्रे गर्ने कार्य ८० प्रतिशत पुरा भएतापनि विगत तीन महिनादेखि निर्माण कार्यमा भएका ढीला सुस्तिका कारण जनताले गुनासो गर्न थालेका छन् तर सुन्ने निकाय मौन बसेको आभास हुन्छ । ११ मीटर चौडा हुने र त्यस मध्ये ७ मिटर कालोपत्रे दायाँबायाँ एक/एक मिटर किनारा र एक मीटरको क्षेत्रफलमा नाली निर्माण हुने मापदण्डलाई धेरै ठाउँमा कार्यान्वयन गरिएको छैन ।

पाल्पाको पिपलडाँडादेखि रामपुर हुँदै निस्दी गाउँपालिका, नवलपुर जिल्लाको बौदीकाली गाउँपालिकलाई जोड्दै गैडाकोट नगरपालिकाको गैडाकोटचोकसम्म चार खण्ड अन्तर्गत रामपुर नगरको भलायटारदेखि पिपलडाँडा, नवलपुरको भारतीपुरदेखि रामपुरको भलायटारसम्म र थामीबेसी हुँदै भारतीपुर, गैडाकोटको बुलिंगदेखि थामीबेसीसम्म भारतीय निर्माण कम्पनीले स्थानीय निर्माण व्यवसायीको सहयोगमा निर्माणको काम समेत गुणस्तरहीन छ । गुणस्तर नाप्ने र जाँच्ने निकाय नै अलमलमा भएका कारण पनि समस्या उत्पन्न भएका हुन् । गौरवको परियोजना हेर्ने पाल्पाको इकाई कार्यालयले पनि यो विषयलाई गम्भीरताका साथ अंगाल्न सकेको छैन । यस्ता समस्याहरु समाधानमा सम्बन्धित निकाय र राजनैतिक दल, जनप्रतिनिधिले दवाव दिनुपर्ने देखिन्छ । समस्यालाई गम्भीरताका साथ लिन नसकेको कारण नाम गौरवको आयोजना, काम कछुवा गतिमा भइरहेको छ ।

## Opinion @ Social Network

यहाँ आफु खुशी हुनु ठूलो कुरा रहेछ ...,
अरुलाई त जे गरे पनि चित्त बुझाउन सकिदैन ।
(किसन पोखरेलको फेसबुक स्टाटसबाट https://www.facebook.com/Kisan.Pokharel )

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# धरापमा लोकतान्त्रिक गणतन्त्र



## इन्द्रबहादुर बराल

*भ्रष्टाचारको इस्युले आमनेपालीमा धेरै आशंका जन्माइदिएको छ । भ्रम नै किन नहोस् जब भ्रष्टाचारजन्य मुद्दा बाहिर छताछुल्ल भएर आएपछि सम्बन्धित पक्षले सफाइ दिनुपर्ने थियो तर गोलम्टोल गर्दै अलमल्याउने काम भएकाले जनतामा उब्जिएको आशंकालाई थप पुष्ट्याइँ हुन गएको छ । यदि भ्रष्टाचार नै भएको रहेछ भने पनि त्यसको सजाय संघीय लोकतान्त्रिक गणतन्त्रले पाउनु भएन । जसले बदमासी गरेको छ तिनीहरूलाई प्रचलित कानुन बमोजिम दण्ड जरिवाना गरिनुपर्छ । तर, यही कारणले राजनीतिक प्रणालीमाथि नै धाबा बोल्नु सरासर गलत मनसाय देखिन्छ । राजा आऊ देश बचाऊ भन्ने नारा जुन सोसल मिडिया र प्रिन्ट मिडियाहरूमा आएका प्रोपोगण्डाहरू निकै खतरापूर्ण छन् । स्वयं पूर्वराजा ज्ञानेन्द्र शाहको सल्बलावटले राजकीय शक्तिसहितको शासक बन्ने मनसाय झल्किन्छ । यसर्थ यस्ता निरंकुश राजा त्यसमा पनि आजको २१औं शताब्दीमा किमार्थ शोभनीय हुँदैन । जनताको अभिमत प्राप्त गरेर सत्तामा जानु स्वाभाविक भए पनि अरूको कमीकमजोरीका कारण आफू सत्तामा जाने चाहाना राख्नु भने निसन्देह मृगतृष्णाबाहेक अरू केही होइन । यसै पनि ठूला भनिएका दलहरूप्रति नागरिकहरूको विश्वास घट्दै गएको छ ।*

कलिलो प्रजातन्त्र छिप्पिन नपाउँदै माओवादीले क्रुर हिंसाको बाटो समात्यो । दश वर्षसम्म सशस्त्र युद्ध नाम दिइएको हत्याहिंसाले मुलुक आतंकित हुन पुग्यो । भर्खर वामे सर्दै गरेको प्रजातन्त्र माओवादीको व्यक्ति हत्याको बढ्दो क्रमले मानिसहरू असुरक्षित हुन थाले । त्यस्तो हत्याहिंसाको कारण प्रजातन्त्रका जरा खलबलिन पुगे । त्यसमा तत्कालीन प्रमुख प्रतिपक्ष नेपाल कम्युनिष्ट पार्टी एमालेको उछृंखल र असंसदीय चरित्रले यसै पनि प्रजातान्त्रिक प्रणालीमाथि मानिसहरूको अविश्वास बढाउँदै गएको थियो । त्यसमाथि माओवादीको उद्दण्डता र आतातायी गतिविधिले देशवासीहरूमा सहनु कि कहनुको अवस्था सिर्जना गरिदियो । त्यो प्रजातन्त्रकालको एउटा छुट्टै व्यथा कथाबीच समय गुज्रिरहेको थियो । उता दलहरूको आपसी अन्तरकलहले विशेष गरेर नेपाली कांग्रेसकै कारण सहमतिको बाटो कमजोर हुँदै गएको थियो । त्यसको राजनीतिक फाइदा राप्रपाले लिन पुग्यो । बामदेव गौतमले महाकाली सन्धिको विषयलाई लिएर नेकपा एमाले फुटाएपछि अर्को ठूलो पार्टीमा आन्तरिक बिग्रहले गाँज्यो । कांग्रेस पनि आधिकारिक रूपमा नफुटे पनि भित्रभित्रै भुसको आगो झैं भइरहेको थियो । अन्तत: पार्टीका वरिष्ठ नेता एवं प्रधानमन्त्री शेरबहादुर देउवालाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेपछि पार्टी फुटाउनुको अर्को विकल्प देउवासँग थिएन ।

नेपाली कांग्रेसमा ठूलो अन्यौल पैदा भयो । नेता तथा कार्यकर्ता बाँडिन थाले । देउवाले पनि पार्टी ब्रेकमात्रै गरेनन् संसद्समेत भंग गरी निर्वाचनको मिति पनि तोके । तर, तत्कालीन सात राजनीतिकदलहरू चुनावमा जान आनाकानी गरेरपछि सहमतिमै चुनाव सार्ने निर्णय भयो । यो निर्णय दरबारमा पठाइयो तर घटनाक्रमले राजा बनेका ज्ञानेन्द्रले त्यही मौका छोपी सत्ता हत्याउन पुगे । ज्ञानेन्द्रले सत्या हत्याएपछि फेरि अर्को प्रकारको आतंक मच्चियो । जननिर्वाचित सरकार अपदस्त गरी राजकीय सत्ता आफ्नै हातमा लिएपछि पुन:तत्कालीन सात राजनीतिक दलहरू एकै ठाउँमा जोडिन थाले र निरंकुश बन्न खोजेका राजाविरुद्ध सशक्त आन्दोलन गर्नतिर लागे । यो प्रसंग विषय प्रवेशको सन्दर्भमा संक्षिप्त रूपमा राखिएको हो ।

देशको विद्यमान अवस्था अझै भयानक र डरलाग्दो तरिकाले अघि बढिरहेको छ । यसै पनि सरकार कमजोर धरातलमा निर्माण भएकाले कुनै बेला ढल्नसक्ने स्थितिमा देखिन्छ । प्रमुख प्रतिपक्षी पार्टी नेकपा एमाले पनि चरम असहिष्णु र असमझदारीबाट गुज्रिरहेको मौका छोपी यथास्थितिवादी शक्तिहरू सल्बलाएको त छरपष्ट देखिएकै छ । राज्य वा सरकारको असक्षमता र कुशासनविरुद्ध आवाज बुलन्द गर्नु प्रजातान्त्रिक प्रणालीमा स्वभाविक भए पनि पूर्वराजा ज्ञानेन्द्रले राज्यमा आफ्नो उपस्थिति (स्पेस) खोज्न थालेको अवस्था भने निश्चय शुभसंकेत होइन । वर्तमान राजनीतिक अवस्था प्रतिक्रान्तिका लागि अत्यन्तै अनुकूल ठहर गर्दै लोकतान्त्रिक गणतन्त्रको विरुद्ध संगठित आवाज बुलन्द भइरहेको स्थिति विद्यमान छ । हुन पनि परिवर्तनकारी दलहरूको गैरजिम्मेवारी र मैमत्तापनले विगतमा मुन्टो उठाउँनै नसक्ने गरी बढारिएका पुरातनवादीहरू अहिले उत्साहजनक रूपमा देखापरेका छन् । उनीहरूको एजेण्डा लोकतान्त्रिक गणतन्त्रविरुद्ध लक्षित देखिन्छ जुन वर्तमान व्यवस्थाका लागि सुखद् भने अवश्य छैन र होइन पनि । पूर्वराजा ज्ञानेन्द्र पुन: राजगद्दीमा आरोहणको तीव्र आकांक्षी देखिनुले लोकतान्त्रिक गणतन्त्रमाथि कालोबादल मडारिराखेको छ अर्थात् धरापमा लोकतान्त्रिक गणतन्त्र छ भन्ने प्रष्ट बुझ्न सकिन्छ ।

यसको पछाडि यिनै कांग्रेस कम्युनिष्टहरू नै प्रमुख जिम्मेवार छन् र हुन् । भ्रष्टाचारको इस्युले आमनेपालीमा धेरै आशंका जन्माइदिएको छ । भ्रम नै किन नहोस् जब भ्रष्टाचारजन्य मुद्दा बाहिर छताछुल्ल भएर आएपछि सम्बन्धित पक्षले सफाइ दिनुपर्ने थियो तर गोलम्टोल गर्दै अलमल्याउने काम भएकाले जनतामा उब्जिएको आशंकालाई थप पुष्ट्याइँ हुन गएको छ । यदि भ्रष्टाचार नै भएको रहेछ भने पनि त्यसको सजाय संघीय लोकतान्त्रिक गणतन्त्रले पाउनु भएन । जसले बदमासी गरेको छ तिनीहरूलाई प्रचलित कानुन बमोजिम दण्ड जरिवाना गरिनुपर्छ । तर, यही कारणले राजनीतिक प्रणालीमाथि नै धाबा बोल्नु सरासर गलत मनसाय देखिन्छ । राजा आऊ देश बचाऊ भन्ने नारा जुन सोसल मिडिया र प्रिन्ट मिडियाहरूमा आएका प्रोपोगण्डाहरू निकै खतरापूर्ण छन् । स्वयं पूर्वराजा ज्ञानेन्द्र शाहको सल्बलावटले राजकीय शक्तिसहितको शासक बन्ने मनसाय झल्किन्छ । यसर्थ यस्ता निरंकुश राजा त्यसमा पनि आजको २१औं शताब्दीमा किमार्थ शोभनीय हुँदैन ।

जनताको अभिमत प्राप्त गरेर सत्तामा जानु स्वाभाविक भए पनि अरूको कमीकमजोरीका कारण आफू सत्तामा जाने चाहाना राख्नु भने निसन्देह मृगतृष्णाबाहेक अरू केही होइन । यसै पनि ठूला भनिएका दलहरूप्रति नागरिकहरूको विश्वास घट्दै गएको छ । सत्य तथ्य के हो पुष्टि हुन सक्दा नसक्दै बाहिर आएका हल्लाको आधारमा कसैलाई दोषी करार गर्नु न्यायसंगत हुँदैन । त्यसमा पनि सत्तामा रहेका व्यक्तिले राज्य शक्तिको दुरुपयोग गरेको रहेछ भने ती व्यक्ति देशको प्रचलित कानुन बमोजिम दण्ड जरिवानाको भागी बनाइनुपर्छ न कि संघीय लोकतान्त्रिक गणतन्त्रको कत्लेआम गर्न पाइँदैन अर्थात् 'बाख्राले खेती खाने बोकाको कान काट्ने' हुनु भएन तर अहिलेको राजनीतिक घटनाक्रामले त्यतैतिर लक्षित गरेको संकेत पाइन्छ । अन्याय भयो, बेथिति भयो, भ्रष्टाचार आदि भयो भने समय आउँछ जनतामा जाउला र अन्याय, बेथिति र भ्रष्टाचार आदिको विरुद्ध जनमत निर्माण गरेर त्यस्ता गलत तत्वलाई पाखा लगाउने हो 'धान खाने मुसो चोट पाउने भ्यागुतो' हुनुहुँदैन । हो यहाँ अन्याय, बेथिति र भ्रष्टाचारका विषय अनगिन्ती उठान भएका छन् तर ती अन्याय, बेथिति र भ्रष्टाचार आदिका घटनाको पहिले त स्वतन्त्र रूपले प्रमाणित हुनुपर्‍यो अनिमात्रै दोषी ठहर गरिनुपर्छ । अन्यथा जसलाई जे जे मन लाग्यो त्यही त्यही भन्दैमा दोषी करार गर्न सकिँदैन पाइँदैन । यदि हामीले इमानदार भएर अन्याय, बेथिति र भ्रष्टाचार आदि विषय उठान गरेका हौं भने त्यस्ता घोटालाको सत्यतथ्यको आधारमा छानविन गरी दोषीलाई कानुनी कारबाही हुनुपर्छ न कि व्यवस्थै परिवर्तनको कुरा गर्नु वा राजतन्त्रको पुनर्स्थापनाको मुद्दा उठाउँदा बद्नियत प्रष्टसँग देखिन्छ । 'राजा आउ देश बचाऊ' भन्ने जुन नारा आएको छ यसको पछाडि असल नियत देखिँदैन । यदि हामीलाई राजा नै चाहिने हो भने वा हिन्दु धर्म नै चाहिने हो भने नेपालको संविधान २०७२ अपरिवर्तनीय छैन परिवर्तनशील (संशोधनीय) छ दुई तिहाइ बहुमत ल्याएर जे जे परिवर्तन गर्नुपर्ने हो गर्न सकिन्छ ।

संविधान संशोधनतर्फ नलाग्ने जुन आफैंमा वैधानिक बाटो खुला छ तर सडकबाट उक्त कुराहरू प्राप्त गर्न खोज्ने हो भने सडक संघर्ष नै रोज्नुपर्ने हुन्छ । यद्यपि अहिले सार्वजनिक भइरहेका आवाज सुन्दा हिन्दुवादी राजाको छत्रछायामा मात्र आफूलाई सुरक्षित ठान्दछन् भने त्यस्तै दुवै राप्रपा तथा दुर्गा प्रसाई प्रवृत्ति पनि राजतन्त्रको स्थापनामा मात्रै आफ्नो भविष्य सुनिश्चित ठान्दछन् । उनीहरू सबै आफूलाई स्वाभिमानी नागरिक स्वीकार गर्न तयार देखिँदैनन् । हामी नेपालीहरू २००७ सालसम्म स्वतन्त्र र स्वाभिमानी नागरिक थिएनौं । त्यसपछि मात्र यो देशको स्वाभिमानी नागरिक बनेका हौं । अझै हामीमा त्यही दास प्रवृत्तिले गाँजिरहेको पाइन्छ । त्यहीं सोचबाट अझै नेपालीमुक्त हुन नसक्नु विडम्बनाको कुरा हो । तथापि आजको ताजा राजनीतिक परिदृश्यले लोकतान्त्रिक गणतन्त्र धरापमा रहेको देखिन्छ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफनो विचार विपरित निर्णय हुनका साथै कामहरु अधुरै रहँलान । | **तुला** : कला र गलाको प्रभाव बढ्नेछ । अचल सम्पत्ती हात पर्ने योगछ । |
| **वृष** : लगानीको वातावरण बन्नेछ । मुद्दा मामिलामा सफलता पाईनेछ । | **वृश्चिक** : कार्य क्षेत्रमा प्रगति हुनेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । |
| **मिथुन** : अतिथिको रूपमा सत्कार पाइएला । आफन्तको सहयोग प्राप्त हुनेछ। | **धनु** : खानपिनमा सजकता अपनाउनु पर्नेछ । मनमा शंका उत्पन्न हुनेछ । |
| **कर्कट** : नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ सामाजिक, धार्मिक कार्यबाट सन्तोष मिल्नेछ । | **मकर** : महत्वपूर्ण काम बन्नेछ । महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ । |
| **सिंह** : आज नयाँ कामको थालनी हुनेछ । वैदेशिक कार्य अघी बढ्नेछ । | **कुम्भ** : शुभ समाचार सुन्न पाइएला । सामाजिक तथा धार्मिक कार्यमा रुची बढ्नेछ । |
| **कन्या** : आज प्रेमीको सहयोग प्राप्त हुनेछ । सांगीतिक क्षेत्रमा रुची बढ्नेछ । | **मीन** : कूटनीतिक नियोगको सहयोग मिल्ला। व्यापार व्यवसायमा सफलता मिल्नेछ । |

## मनोरञ्जन

# 'स्टार अभिनेता'को निर्देशकीय यात्रा







नेपाली फिल्ममा एक्सन अभिनेताका रुपमा अत्यधिक रुचाइएका निखिल उप्रेतीले 'भैरव' फिल्ममार्फत निर्देशनमा डेब्यू गरे । ८ वर्ष अघि प्रदर्शनमा आएको फिल्मको शीर्ष भूमिकामा उनी स्वयंमले अभिनय गरे । फिल्मलाई लिएर चर्चासमेत राम्रो भयो । यद्यपि फिल्मले व्यापार भने औसत मात्रै गऱ्यो । त्यसपछि निखिलले आफ्नै निर्माण र निर्देशनमा नयाँ फिल्म 'कमिटमेन्ट : सिक्स्टी आवर्स' घोषणा गरे । फिल्मको छायांकन पनि शुरू भयो । तर छायांकन पूरा नहुँदै फिल्म रोकियो । नेपाली फिल्म क्षेत्रमा 'एक्सन किङ' भनेर चिनिएका निखिलले यतिबेला शिक्षाको विषयवस्तुमा केन्द्रित रहेर नयाँ फिल्म बनाउने तयारी गरेका छन् ।

आफ्नै कन्सेप्ट र लेखनमा बन्ने फिल्मलाई उनी स्वयंमले निर्देशन गर्ने सम्भावना बलियो रहेको निखिल बताउँछन् । अहिले फिल्म प्रि-प्रोडक्सनमा रहेको बताउँदै उनले बाँकी कुरा भने खुलाउन चाहेनन् । पछिल्लो समय आध्यात्मिक गतिविधिमा व्यस्त उनलाई दर्शकले फिल्ममा नदेखेको भने धेरै भइसकेको छ । 'राधे', 'रुद्र', 'पिंजडा ब्याक अगेन' जस्ता फिल्महरू असफल भएपछि उनी पर्दामा देखिएका छैनन् । एक्सन अभिनेताका रुपमा रुचाइएका अर्का अभिनेता विराज भट्टले ४ वर्ष अघि प्रदर्शनमा आएको फिल्म 'साङ्लो'बाट निर्देशनमा डेब्यू गरे । नेपाली मात्र नभएर भोजपुरी फिल्ममा पनि निकै रुचाइएका विराजले आफ्नै शीर्ष भूमिकामा एक्सन जनरामा 'साङ्लो' बनाएका थिए । यो फिल्मबाट पूर्व मिस नेपाल निकिता चण्डकले समेत नेपाली रजतपटमा डेब्यू गरिन् । फिल्मलाई लिएर प्रदर्शनअघि चर्चा पनि राम्रै भयो । यद्यपि फिल्मले अपेक्षित व्यापार भने गर्न सकेन । त्यसयता अन्य नेपाली फिल्ममा नदेखिएका उनले फेरि आफ्नै निर्माण र निर्देशनमा अर्को फिल्म बनाउने घोषणा गरेका छन् । '१२ गाउँ' नाममा निर्माण हुन लागेको उक्त फिल्म मार्फत विराजले आफ्नो छोरा समीर भट्टलाई नेपाली रजतपटमा डेब्यू गराउने घोषणा गरिसकेका छन् । यति बेला यो फिल्मको प्रि-प्रोडक्सनको काम भइरहेको विराजले बताएका छन् । उनले एक्सन जनरामा बनाउन लागेको यो फिल्मलाई आफ्नो करिअरकै महत्वकांक्षी प्रोजेक्टका रुपमा व्याख्या गरेका छन् । एक समय फिल्ममा रुचाइएका अर्का अभिनेता रमित ढुंगाना पनि निर्देशक बन्ने तयारीमा छन् । उनले आफ्नो निर्माण एवं निर्देशनमा बनाउन लागेको फिल्म 'नमेटिने घाउ'को केही दिनअघि मात्रै घोषणा गरिएको छ । एसिड आक्रमण पीडितको कथावस्तुमा निर्माण हुन लागेको यो फिल्ममा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र सांसद ज्ञानेन्द्र शाहीको समेत अभिनय रहने निर्माण टिमले जानकारी दिएको छ । पूर्व प्रधानमन्त्री र सांसदले फिल्म खेल्ने खबरलाई लिएर पनि 'नमेटिने घाउ' थप चर्चामा छ । फिल्ममा रमितले केमियो भूमिकामा अभिनय समेत गर्नेछन् । केही दिनमा लोरमा जाने तयारीमा रहेको फिल्मको एसिड आक्रमण भएका ठाउँहरूमा नै छायांकन गरिने रमितले जानकारी दिए । उसो त निखिल, विराज र रमित भन्दा अघिल्लो पुस्ताका चर्चित अभिनेता भुवन केसी पछिल्ला वर्षमा निर्देशक पनि भए । 'ड्रिम्स' उनको निर्देशन रहेको फिल्म हो, जुन सफल मानिन्छ । निर्माताका रुपमा भने उनी पहिल्यै देखि सक्रिय थिए । अर्का चर्चित अभिनेता राजेश हमालले आाफ्नो निर्देशनमा फिल्म बनाउने भनेको धेरै वर्ष भइसक्यो । कोरोना महामारीपछिको अवस्था सामान्य भएपछि फिल्म निर्देशनमा जुट्ने उनको भनाइ थियो । उनले पहिलो पटक निर्देशनमा हात हाल्न लागेको कारण उक्त फिल्म कस्तो बन्ला भन्ने चासो र चर्चा फिल्म वृत्तमा छ । यद्यपि उनले निर्देशन गर्ने भनिएको फिल्मको काम भने अगाडि बढ्न सकेको छैन । निर्देशन आफूलाई अहिले पनि जटिल र जिम्मेवार विधा हो जस्तो लाग्ने राजेशले बताउँदै आएका छन् । सोहीकारण पनि उनले निर्देशनमा होमिइहाल्ने आँट नगरेको हुनसक्ने उनी निकट रहेकाहरू बताउँछन् ।

***-लोकान्तर डटकम***


# 'मलाई फिल्म नखेल्दैमा केही हुँदैन, बरु नाटक गर्छु'



कुनै पनि फिल्म सहायक पात्रबिना अपुरो हुन्छ । फिल्ममा मुख्य पात्रलाई काँध थाप्न सहायक पात्रकै ठूलो भूमिका रहन्छ । नेपाली फिल्ममा केही यस्ता कलाकार छन्, जो सहायक भूमिकामा उच्च रोजाईमा छन् । त्यस मध्ये एक हुन्, विजय बराल । विशेषगरी अभिनेता दयाहाङ राईसँग उनको केमेन्ट्री रुचाइने गरिन्छ । 'कबयी' सिरिजमा दयाहाङको पात्रलाई बलियो बनाउने नै उनै हुन् । विजयले दयाहाङको साथी भएर धेरै फिल्ममा काम गरिसकेका छन् । यही माघ २६ गतेबाट प्रदर्शनमा आउन लागेको दुई फिल्म 'हात्तीछाप' र 'दयारानी'मा पनि उनीहरुको जोडी छुटेको छैन ।

विजयलाई दयाहाङसँग लगातार फिल्ममा काम गर्दा मोनोटोनस भने लाग्दैन । बरु एकसाथ काम नगर्दा उनलाई खल्लो महसुस हुन्छ । दयाहाङसँग काम गर्न निकै सहज हुने उनको अनुभव छ । हालै एक भेटमा पत्रकारको प्रश्नमा उनले भने, 'दया दाईसँग फेरि काम गर्नुपऱ्यो भनेर मोनोटोनस लाग्दैन । मेकरलाई चरित्र चाहिँ अलि फरक दिनु न भन्ने गर्छु । दया दाईसँग काम गर्न रमाइलो हुन्छ । हामीले सँगै यात्रा गरेको १६/१७ वर्ष भइसक्यो । फिल्ममा हामी सँगै नहुँदा दया दाई कहाँ हुनुहुन्छ जस्तो लाग्छ ।' पारिश्रमिकमा भने आफूहरुबीच ठूलो अन्तर रहेको विजयको भनाई छ । अहिले पारिश्रमिक चित्त नबुझ्दा फिल्म छाड्ने गरेको उनी बताउँछन् । 'मलाई के डर छैन भने फिल्म नखेल्दैमा मलाई केही हुँदैन, मेरो थिएटर छ, बरु त्यहीँ नाटक गर्छु । त्यसैले पारिश्रमिक चित्त नबुझेपछि फिल्म छाडिहाल्छु,' विजय भन्छन्, 'अहिले फिल्मलाई बोक्ने दया दाईहरु हो । त्यसैले पारिश्रमिक उच्च हुने भैहाल्यो । मेरो चाहिँ कममा पनि कतिसम्म बस्ने भन्ने एउटा 'क्याटोगोरी' छ ।' दयाहाङ भने विजय र आफू एक अर्काबिना अपुरो रहेको तर्क गर्छन् । 'विजय र मेरो दिनमा एकपटक कुरा भएन भने हामी अपुरो हुन्छौं । हाम्रो त्यस्तो सम्बन्ध छ । मैले काम गर्ने फिल्ममा पक्कै विजय पनि हुनेछ भन्ने लाग्छ । हामीले सँगै काम गर्न पाउँदा खुसी लाग्छ,' उनी सुनिए । दयाहाङ र विजयसहितको समुहले काठमाडौं स्थित थापागाउँमा मण्डला थिएटर पनि सञ्चालन गरिरहेको छ । ***-फिल्मी खबर डटकम***

# फिल्मको सिर्जनात्मक स्वतन्त्रतामा अंकुश लगाउने गरी कार्यविधि ल्याउँदै सेन्सर बोर्ड



फिल्मको सिर्जनात्मक स्वतन्त्रतामा अंकुश लगाउने गरी केन्द्रीय चलचित्र जाँच समितिले 'चलचित्र जाँच सम्बन्धी कार्यविधि २०८०' को मस्यौदा तयार पारेको छ । यो कार्यविधिलाई जस्ताको तस्तै पारित गरिए यसले अभिव्यक्ति र सिर्जनात्मक स्वतन्त्रतामा डरलाग्दो परिस्थिति निर्माण गर्ने फिल्मकर्मीको प्रतिक्रिया छ । समितिले गत साता फिल्मसम्बद्ध संस्थालाई कार्यविधिको ड्राफ्ट पठाएको छ । यो ड्राफ्टमाथि छलफलका लागि बोर्डले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा फिल्मसम्बद्ध संस्थालाई बिहीबार बोलाएको छ । संसदको हिउँदे अधिवेशनबाट चलचित्र विधेयक पारित गर्ने तयारी भइरहँदा केन्द्रीय चलचित्र जाँच समितिले यो कार्यविधि तयार पारेको हो । केही साताअघि स्टाफ कलेज जावलाखेलमा सीमित फिल्मकर्मीलाई बोलाएर बोर्डले सुझाव संकलन गरेको थियो । सेन्सर बोर्ड नै खारेज गर्नुपर्छ भन्ने मत राख्ने फिल्मकर्मी भने त्यहाँ गएनन् ।

**सेन्सर कार्यविधिमा के छ ?**

मुख्यतया फिल्मकर्मीले कार्यविधिमा उल्लेख गरिएको 'इजाजतपत्र जारी नहुने' प्रावधानप्रति आपत्ति जनाएका छन् । यो प्रावधानमा समेटिएका २० बुँदाले सिर्जनात्मक स्वतन्त्रतामा सिधै अंकुश लगाउन खोजिएको टिप्पणी भइरहेको छ ।


नेपालको शान्ति सुरक्षामा खलल पुऱ्याउने, मित्रराष्ट्रसँगको सु-सम्बन्धमा नकारात्मक असर पुऱ्याउने, अदालतको अवहेलना हुने दृश्य तथा संवाद भएको, विभिन्न जातजाति धर्म वर्ग, वर्ण, लिंग, समुदाय वा सम्प्रदाय बीचको सु-सम्बन्धमा नकारात्मक असर पर्ने वा धार्मिक, सामाजिक र सांस्कृतिक विचलन ल्याउने फिल्मले इजाजतपत्र नपाउने नियम राखिएको छ । नेपालको राष्ट्रिय हित विपरीतका दृश्य तथा संवाद भएका, कुनै व्यक्ति विशेष, पेशा, व्यवसायी तथा संस्थाप्रति मानमर्दन हुने, कुनै अपराध गर्न दुरुत्साहन गर्ने दृश्य तथा संवाद भएका, बालबालिकामाथि हुने गरेका हिंसा, जघन्य अत्याचार र निर्दयी व्यवहार व्यवहार झल्किने खालका दृश्य तथा संवाद भएका फिल्मलाई इजाजतपत्र जारी नहुने उल्लेख छ । शारीरिक वा मानसिकरुपमा अशक्तता भएकालाई होच्याइएको, खिसी गरिएको, हिंसा गरिएको, निर्दयीपूर्ण व्यवहार गरिएको दृश्य तथा संवाद भएका, मानवीय संवेदना गुम्ने किसिमका नग्न, बलात्कारका दृश्य, सम्भोगरत, दृश्य व्यवहार तथा नैतिकता प्रतिकूल हुनेगरी प्रस्तुत गरिएका दृश्य तथा संवाद भएकाले पनि इजाजतपत्र नपाउने भएका छन् । लैंगिक भेदभाव दर्शाउने र महिलालाई कुनै पनि दृष्टिकोणबाट होच्याइएका तथा आलोचना गरिएका दृश्य तथा संवाद भएका, राष्ट्रिय स्वार्थ विपरीतको सोच तथा व्यवहार प्रोत्साहित गरिएको दृश्य तथा संवाद भएको, नेपालको मौलिक परम्परा, रितिरिवाज, चालचलन, मूल्य र मान्यतामा ह्रास आउने तथा सोको दुरुपयोग गरिएको दृश्य वा संवाद भएका फिल्मलाई पनि इजाजतपत्र नदिने प्रावधान समेटिएको छ । यौन उत्तेजना बढाउने गरी पाँच सेकेण्डभन्दा बढी गरिएको भद्दा चुम्बन, यौनजन्य असामाजिक क्रियाकलाप एवं व्यवहार, पुरुष वा स्त्री जनेन्द्रिय प्रत्यक्ष वा पारदर्शी पोशाकबाट देखिने र त्यसलाई प्रयोग गरी यौन उत्तेजना बढाउने दृश्य तथा संवाद भएका, मानवअधिकार उल्लंघन हुने गरी देखाइएको असह्य यातनाका दृश्य भएका, राष्ट्रिय गान, राष्ट्रिय चिन्ह, राष्ट्रिय अलंकारको दुरुपयोग भएको वा गलतरुपमा प्रयोग भएका तथा इतिहास, भूगोल, राष्ट्रिय विभूति र शहीदप्रति गलत व्याख्या गर्ने खालका दृश्य तथा संवाद भएका फिल्मलाई इजाजतपत्र नदिने भनिएको छ । रोचक कुरा के छ भने यी सर्त राखेर फिल्मलाई प्रमाणपत्र दिने भनिएको छ ।

**सरकारको सर्तप्रति फिल्मकर्मीको विरोध**

कार्यविधिको ड्राफ्ट छलफलका लागि सार्वजनिक गरिएपछि फिल्मवृत्तबाट आक्रोशित प्रतिक्रिया आउन थालेका छन् । फिल्मकर्मीले फिल्म इजाजतका लागि तय गरिएका प्रावधान अभिव्यक्ति स्वतन्त्रलाई सिधैं अंकुश लगाउन खोजिएको ढंगले ल्याउन लागिएको भन्दै यसको विरोध गरेका छन् । चलचित्र निर्माता संघका अध्यक्ष नवल खड्काले प्रस्तावित कार्यविधिमा समेटिएका बुँदाबारे आफ्नो संस्थाको असहमति रहेको र बिहीबार बोलाइएको छलफलमा आफूले यी कुरा राख्ने बताए । फिल्म निर्देशक तथा लेखक मनोज पण्डितले कुराकानीमा प्रस्तावित कार्यविधि जस्ताको तस्तै पारित भए यो सिर्जनात्मक स्वतन्त्रताका लागि डरलाग्दो हुने बताए । उनले फेसबुकमा समेत कार्यविधिको विरोध गरेका छन् । उनी लेख्छन्, 'सेन्सरबोर्डको नयाँ कार्यविधिअनुसारको निषेधाज्ञाको घेराभित्र बसेर स्वतन्त्र, सिर्जनशील, आधुनिक, यथार्थपरक र समयसापक्ष सिनेमा बनाएर दर्शकलाई देखाउन असम्भव छ । वर्गीकरणको मुकुण्डो मात्र लगाएको देखिन्छ, नियत झन् उग्र छ । कैंची झन् धारिलो बनाएका छन् । गणतान्त्रिक सरकार पञ्चायती सोचमै सीमित छ । सिनेमाको स्वतन्त्र अभिव्यक्तिको सवालमा । सबैले आ-आफ्नो तर्फबाट आवाज उठाऔं । म सेन्सरबोर्डको प्रस्तावित नयाँ कार्यविधिको पक्षमा छैन । यो कार्यविधिअनुसार कस्तो फिल्म बनाउने हो भनेर सेन्सर बोर्डले नै एउटा फिल्म बनाएर हामीलाई सिकाउनुपर्ने अवस्था हुनेछ, यदि यो कार्यविधि पारित भयो भने । फिल्म निर्माता तथा अभिनेता दीपकराज गिरीले यो हात बाँधेर पौडी खेल्न दिइएजस्तो भएको भन्दै कटाक्ष गरेका छन् । 'यो सेन्सरसिप पनि चलचित्रमा मात्रै लाग्ने रहेछ ! पत्र पत्रिका, डिजिटल मिडिया अन्तर्वार्ता र भाषणहरूमा वैचारिक नग्नताको पराकाष्ठा देखिन्छ । हामीलाई चाहिं हात बा'धेर पौडी खेल्न दिइएको छ,' उनले लेखेका छन् । फिल्म निर्देशक केपी पाठकले चलचित्र जाँच पास समिति हो वा वर्गीकरण समिति हुनुपर्ने हो भनेर प्रश्न गरेका छन् । फिल्म वितरक प्रचण्डमान श्रेष्ठले पनि विरोध गर्दै लेखेका छन्, 'नेपालको संविधानको धारा १९ अन्तर्गत प्राप्त अभिव्यक्ति स्वतन्त्रताको हकको मूल मर्म (अपव्याख्या नगरिने अवस्थामा) विरुद्ध हुन जाने प्रस्तावित 'चलचित्र जाँच पाससम्बन्धी कार्यविधि'ले सम्बन्धित निकायको नालायकीपन र चलचित्र, कला, साहित्य र संगीत प्रति राज्यले हेर्ने दृष्टिकोणको निकृष्टता झल्किएको छ । सबैले विरोध गरौं ।'

***-अनलाइन खबर डटकम***

# 'सतीदेवी'लाई उत्कृष्ट फिल्म सहित दुई अवार्ड



लक्ष्मण सुवेदी निर्देशित फिल्म 'सतीदेवी'ले सर्वोत्कृष्ट फिल्मको पुरस्कार हात पारेको छ । चितवनको सौराहामा सम्पन्न 'दक्षिण एसियाली चलचित्र महोत्सव २०८०'मा फिल्मले पुरस्कारको साथमा नगद ५० हजार समेत जितेको छ । महोत्सवमा यसै फिल्मबाट निर्देशक सुवेदीले 'शिव रेग्मी सर्वोत्कृष्ट निर्देशक' अवार्ड समेत प्राप्त गरेका छन् । निर्देशक सुवेदीले फिल्म 'सतीदेवी'लाई महोत्सवमा प्राप्त भएको दुवै अवार्डको खुसी सामाजिक सञ्जाल मार्फत शेयर सबैमाझ साटेका छन् । उनले महोत्सवका जुरी, आयोजकलाई धन्यवाद दिँदै 'सतीदेवी' फिल्म मात्र नभएर महसुस गर्ने एउटा दस्ताबेज भएको बताएका छन् । 'सतीदेवी' नारी प्रधान फिल्म हो । फिल्मको केन्द्रीय भूमिकामा अभिनेत्री मल्लिका महत छिन् । फिल्ममा महतको अलवा रमेश बुढाथोकी, भोलाराज सापकोटा, कुलदीप अधिकारी, सन्दीपबाबु लोहनी सृजना अधिकारी, मनीषा सापकोटा, सुजिता सिवाकोटी लगायतको अभिनय छ । दिलाशा क्रियसन तथा गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्नियाको सहकार्यमा निर्माण भएको फिल्ममा निर्देशक सुवेदीकै कथा, पटकथा, संवाद रहेको छ । फिल्मको गीत पनि सुवेदी आफैले लेखेका हुन् । फिल्ममा दीपक शर्मा र सुवास भुसालको संगीत छ भने रामजी लामिछानेले कोरियोग्राफी छ । फिल्मको प्रदर्शन मिति फाइनल हुन बाँकी छ ।

***-रातोपाटी डटकम***

# वर पिपल र पानीका मुहान जोगाउन बाँस हटाउने अभियान



**अर्घाखाँची,** माघ २३/सार्वजनिक जग्गामा लगाइएका बाँसले पानीका मुहान सुक्ने र वर पिपलजस्ता रुखहरु मासिँदै जान थालेपछि यहाँ सार्वजनिक जग्गामा लगाएका बाँस हटाउन सूचना जारी गरेको छ ।

भूमिकास्थित नगरपालिका-६ खिल्जीमा वडा अध्यक्ष प्रेमनारायण वेल्वासेको अध्यक्षतामा बसेको जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि र सरोकारवाला निकायको सर्वपक्षीय भेलाले सार्वजनिक जग्गामा लगाइएका बास हटाउने सार्वजनिक सूचना जारी गरेको हो । बाँसले ऐतिहासिक महत्व बोकेका रुखलाई विस्थापित गर्न लागेको भन्दै वडाले सार्वजनिक सूचना जारी गरेर हटाउन लगाएको हो । बाँसका कारण अन्य रुख मासिने र पानीका मुहान पनि सुक्ने, सुक्खायाममा आगलागीको पनि जोखिम हुने भएकाले सार्वजनिक जग्गामा लगाएका बाँस हटाउने अभियान शुरु गरेको हो । निजी जग्गामा लगाएका बाँसले आँप, पिपल र बरजस्ता रुखलाई असर गरेको र पानीको मूलमा भए तत्काल हटाउन भनेको छ । "वर र पिपललाई चाहिने पानी र घाम बाँसले लिन्छ र बरपिपल भोको रहन्छ । अनि बिस्तारै मर्दै जाने भएकोले बाँस हटाउने अभियान प्राकृतिक संरक्षणको लागि राम्रो छ", सामाजिक अगुवा प्रकाश बेल्बासेले बताए । वडाले चैत २५ गतेसम्म सार्वजनिक जग्गामा लगाएका बाँस र पानीको मुहान असर गर्ने गरी लगाइएको बास हटाउन वडा कार्यालयले सूचना जारी गरेको हो । *-रासस*

# छैठौँ मेयर कप २०८० को उपाधी वडा ४ लाई



**पाल्पा,** माघ २३/रामपुरमा भएको छैठौँ मेयरकप २०८० को रनिङ्ग शिल्ड उपाधी वडा ४ ले हात पारेको छ । मेयर कप अन्तर्गत भएका विविध प्रतियोगिताबाट ९ अंक प्राप्त गर्दै वडा ४ ले रनिङ्ग शिल्ड प्रतियोगिताको उपाधि जितेको हो ।

वडा ४ ले फुटबल प्रतियोगितामा द्वितीय, ब्याडमिन्टन तर्फ प्रथम र द्वितीय स्थान, महिला भलिबल तर्फ द्वितीय स्थान हासिल गर्दै ९ अंक प्राप्त गरी रनिङ्ग शिल्ड प्रतियोगिताको उपाधी जिन्त सफल भएको हो । यससंगै वडा ४ ले मेयर कप २०८० को रनिङ्ग शिल्ड प्राप्त गरेको छ । रामपुर नगरपालिकाको आयोजना र नगर खेलकुद विकास समितिको सञ्चालनमा गत शुक्रबार देखि भएको मेयर कप सोमबार समापन भएको हो । मयेर कप अन्तर्गत फुटबल, पुरुष तथा महिला भलिबल, क्रिकेट, व्याडमिन्टन र मावि स्तरीय वक्तृत्वकला प्रतियोगिता भएको थियो । फुटबल प्रतियोगिताको उपाधि वडा ७ ले जितेको छ । रामपुर ७ किसानबारी खेल मैदानमा भएको फाईनल खेलमा वडा ४ लाई २-० गोलले पराजित गर्दै वडा ७ ले उपाधि हात पारेको हो । वडा ७ ले पहिलो र दोस्रो हाफमा १/१ गोल गर्दै वडा ७ ले उपाधी जित्न सफल भएको हो । यससंगै वडा ४ ले उपविजेतामा भएको छ । तृतीय स्थानका लागि भएको खेलमा वडा ९ ले वडा १० लाई २/१ गोलले वडा १० लाई पराजित गरेको थियो । फुटबल प्रतियोगितामा प्रथम हुने वडा ७ ले फुटबलको रनिङ्ग शिल्ड कप, कप मेडल र प्रमाण पत्र सहित नगद ५५ हजार रुपैयाँ प्राप्त गरेको छ भने द्वितीय र तृतीय हुने समुहले नगद ३५ हजार २१ हजार कप, मेडल र प्रमाण पत्र प्राप्त गरेको छ ।

यस्तै पुरुष भलिबल प्रतियोगिताको उपाधी वडा १० ले जित्न सफल भएको छ । दुर्गा मन्दिर टोल विजयपुरमा भएको फाईनल खेलमा ३(२ सेटले वडा १ लाई पराजित गर्दै वडा १० प्रथम भएको छ । फाईनलमा पराजित भएसँगै वडा १ द्वितीय स्थानमा सिमित भएको छ । वडा १ ले वडा ३ लाई र वडा १० ले वडा २ लाई पराजित गर्दै फाइनलमा प्रवेश गरेको थियो । प्रतियोगिता अन्तर्गत वडा २ र वडा ३ विच तृतीय स्थानका लागि प्रतिस्पर्धा भएको थियो । खेलमा वडा २ लाई पराजित गर्दै वडा ३ तृतीय भएको छ । यससंगै प्रतियोगितामा प्रथम हुने वडा १० ले भलिबल तर्फको रनिङ्ग शिल्ड, कप, मेडल र प्रमाण पत्र सहित ५१ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेको छ भने द्वितीय र तृतीय हुने समूहले क्रमशः ३१ हजार र २१ हजार रुपैयाँ सहित रनिङ शिल्ड, कप, मेडल र प्रमाण पत्र प्राप्त गरेको छ । यस्तै महिला भलिबल तर्फ प्रथम वडा ६, द्वितीय वडा ४ र तृतीय वडा १ भएको छ । प्रतियोगिता अन्तर्गत प्रथम हुने वडा नं. ६ ले भलिबलको रनिङ्ग शिल्ड, कप, मेडल र प्रमाण पत्र सहित नगद ३५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेको छ । यस्तै द्वितीय र तृतीय हुने समुहले क्रमशः २५ हजार र १५ हजार रुपैँया पुरस्कार सहित कप, मेडल र प्रमाण पत्र प्राप्त गरेको छ । मेयर कप २०८० अन्तर्गतको क्रिकेट प्रतियोगिताको उपाधि वडा ८ ले जितेको छ । वडा ५ लाई पराजित गर्दै वडा  विजेता बनेको हो । वडा ५ ले उपविजेता बनेको छ भने वडा ३ तृतीय भएको छ । प्रतियोगितामा प्रथम हुने वडा ८ ले क्रिकेट प्रतियोगिताको रनिङ्ग शिल्ड, कप, मेडल र प्रमाण पत्र सहित नगद ४० हजार रुपैयाँ पुरस्कार प्राप्त गरेको छ भने द्वितीय र तृतीय हुने समुहले क्रमशः नगद २५ हजार र १५ हजार रुपैयाँ सहित कप, मेडल र प्रमाण पत्र प्राप्त गरेको छ । यसैगरी व्याडमिन्टन प्रतियोगितामा प्रथम वडा ४ को बसन्त श्रेष्ठ र समिर रानाको बि समूह, वडा ४ कै दानबहादुर राना र सन्तोष सारुको ए समूह द्वितीय र वडा ६ को टुकबहादुर राना र युवराज कुमालको समुह तृतीय भएको छ । विजयी समूहले क्रमश नगद १० हजार, ५ हजार र २ हजार रुपैयाँ सहित मेडल र प्रमाण पत्र पुरस्कार प्राप्त गरेको छ । मेयर कप अन्तर्गत मावि स्तरीय वक्तृत्वकला प्रतियोगितामा प्रथम भूपू सैनिक राईजिङ ईङ्गिलस बोर्डिङ स्कुलका मनिषा श्रेष्ठ प्रथम, रामतुलसी नमुना माध्यमिक विद्यालय रामपुरका विविसा घिमिरे द्वितीय र आधारभूत माध्यमिक विद्यालयका अब्दुल खालिद तृतिय भएका छन् । यसैबिच मेयर कप अन्तर्गत रामपुर नगरपालिकाका कर्मचारी र जनप्रतिनिधि बिच मैत्रीपूर्ण फुटबल प्रतियोगिता भएको छ । कार्यक्रम समापनका अवसरमा भएको मैत्रीपूर्ण फुटबलमा कर्मचारीको समूह विजयी भएको छ । दुई समुह विच भएको मैत्रीपूर्ण खेलमा २-० गोल अन्तरले कर्मचारीको समुह विजयी भएको हो । यस्तै रामपुर नगरपालिकाका जनप्रतिनिधि र महिला कर्मचारी विच भएको डोरी तान्ने प्रतियोगितामा महिला कर्मचारीको समूह विजयी भएको छ ।

कार्यक्रम समापन तथा पुरस्कार वितरण कार्यक्रमका अवसरमा रामपुर नगरपालिका वडा ६ बस्ने अण्डर नाईन्टिन राष्ट्रिय महिला भलिबल प्रतियोगिताका खेलाडी अस्मिता घर्ती मगरलाई उपचारार्थ सहयोग गरेको छ । नगरपालिकाले खेलका क्रममा घाइते भएका अस्मिताको उपचारका लागि नगद ५० हजार रुपैयाँ प्रदान गरेको छ । खेलका समापन कार्यक्रमका अवसरमा विभिन्न प्रतियोगतामा विजयी समूलाई पुरस्कार प्रदान गरेको छ । पुरस्कार वितरण गर्दै रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले खेलले मानिसको स्वस्थ जिवन मात्र नभई राष्ट्र र समाजको पहिचानको लागि नि महत्वपूर्ण रहेको बताए । कार्यक्रममा नेपाली काँग्रेस रामपुर नगर समितिका सभापति नेत्रप्रसाद भट्टराई, नेकपा माओवादी केन्द्र लुम्बिनी प्रदेश कमिटी सदस्य कमलराज भट्टराई, कालीगण्डकी आँखा उपचार केन्द्रका अध्यक्ष भिमविश्व भट्टराईले आफ्नो भनाई राखेका थिए । नगर खेलकुद विकास समितिका अध्यक्ष कमल सेनको अध्यक्षता र नगर प्रमुख रमणबहादुर थापाको प्रमुख आतिथ्यतामा पुरस्कार वितरण कार्यक्रम भएको थियो । समापनको अवसरमा विधागत रुपमा उत्कृष्ट खेलाडी र विभिन्न व्यक्ति र संस्थाहरुलाई सम्मान प्रदान गरिएको थियो । रामपुर नगरपालिकाका प्रवक्ता कपिलबहादुर खाँणको स्वागतबाट सुरु भएको कार्यक्रमको सञ्चालन नगर खेलकुद विकास समितिका सचिव जमुना रानाले गरेकी थिइन् ।

## खेलकुद समाचार

# केपी ओली कपको खेल तालिका सार्वजनिक



**काठमाडौं,** माघ २३/राष्ट्रिय युवा संघ, नेपालको आयोजनामा हुने दोस्रो संस्करणको केपी ओली कपको खेलतालिका सार्वजनिक भएको छ । यही फागुन ११ गतेदेखि १९ गतेसम्म हुने प्रतियोगिताका लागि मंगलबार खेलतालिका सार्वजनिक गरेको हो ।

प्रतियोगितामा दुई विदेशीसहित १० टिमले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगितामा ७ ए डिभिजन क्लब एक आयोजक र दुई विदेशी टिम छन् । भारतको दिल्ली फुटबल क्लबले पहिलो पटक केपी ओली कप खेल्न लागेको छ । यस्तै भारत वेष्ट बंगालको मानेभञ्ज्याङ क्लबले पनि प्रतियोगिता खेल्नेछ । यसअघि भुटानको पारो एफसी आउने भनिए पनि अन्तिम समयमा नआउने भएको आयोजकले जनाएको छ । प्रतियोगिताको उद्घाटन खेलमा केपी ओली फुटबल क्लब र चर्च ब्वाईज युनाईटेडबीच प्रतिस्पर्धा हुनेछ । खेल दिउँसो ३ बजे सुरु हुनेछ । नेपाल एमालेका अध्यक्ष तथा पुर्व प्रधानमन्त्री केपी ओलीको जन्मदिनको अवसर पारेर युवा संघले गत वर्षदेखि केपी ओली कप फुटबल आयोजना गर्दै आएको छ । प्रतियोगितामा विजेताले नगद ११ लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । उपविजेताले ५ लाख पाउनेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई एक लाख रुपैयाँ नगद पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । यसैगरी सर्वोत्कृष्ट गोलरक्षक, सर्वोत्कृष्ट गोलकर्ता र उदीयमान खेलाडीलाई पनि जनही ५० हजार रुपैयाँ पुरस्कार प्रदान गरिने । हरेक खेलको म्यान अफ दी म्याचले १५ हजार प्राप्त गर्नेछन् । यसका अतिरिक्त हरेक खेलको विजेता टोलीले २५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ । प्रतियोगिताको खेलहरु एन्फा कम्प्लेक्स मैदानमा हुने र सेमिफाइनल र फाइनल खेल दशरथ रंगशालामा खेलाइनेछ। गत वर्ष भएको पहिलो संस्करणमा मछिन्द्र एफसीले सातदोबाटो युथ क्लबलाई सडनडेथमा हराएर उपाधि जितेको थियो ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा सामान्य अंकको सुधार



**पाल्पा,** माघ २३/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । मंगलबार नेप्से परिसूचक नौ दशमलव ४४ अंकले बढेर दुई हजार ८५ दशमलव ७१ बिन्दुमा कायम भएको हो ।

तीन सय १५ कम्पनीको ७६ लाख २४ हजार तीन सय ७६ कित्ता शेयर ६६ हजार पाँच सय ५९ पटक खरिदबिक्री हुँदा रु दुई अर्ब ५९ करोड १५ लाख ३४ हजार नौ सय सात बराबरको कारोबार भएको छ । व्यापार समूहको उपसूचक शून्य दशमलव ५४ र अन्य समूहको उपसूचक शून्य दशमलव ५५ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै निर्जीवन बीमा समूहको उपसूचकमा एक दशमलव ०७ प्रतिशतको वृद्धि देखिएको छ । समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव नौ प्रतिशतले बढेको छ भने सामलिङ पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ३३ करोड ७६ लाख दुई हजार चार सय ७० बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने एनएमबी सुलभ इन्भेष्टमेन्ट फन्ड-२ को पाँच लाख तीन हजार नौ सय कित्ता शेयर खरिदबिक्री भएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई